***प्रदेश समन्वय परिषद, प्रदेश नं. ३ को मिति २०७५ जेष्ठ ७ र ८ गते हेटौंडामा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरु गरेको छ ।***

१. नेपालको संविधानले परिकल्पना गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच सहकारीता, सहअस्तित्व र समन्वय अभिबृद्धि गर्न साझा अधिकारका क्षेत्रमा ३ वटै तहका सरकारका काम, कर्तब्य र अधिकार प्रष्ट पार्नका लागि शिघ्र कानून बनाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने ।

२. नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेका अधिकारसंग बाझिएका संघीय कानूनहरु संविधानको भावना र मर्मअनुसार संसोधन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने ।

३. प्राकृतिक श्रोत र साधनको बांडफांड पद्धतिलाई वैज्ञानिक बनाई प्रदेश र स्थानीय तहलाई बढी राजस्व बांडफांड हुने ब्यवस्था मिलाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

४. नेपालको संविधान बमोजिम कर्मचारी समायोजनको प्रकृया सुस्त हुंदा प्रदेश र स्थानीय तहको काम कारवाही र सेवा प्रक्रियामा बाधा पुगेकोले सो प्रकृया शिघ्र टुङ्गयाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

५. प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तब्य र अधिकार सम्बन्धी प्रदेश कानून बनाउने प्रयोजनको लागि संघीय संसदले आधार र मापदण्ड निर्धारण सम्बन्धी कानून बनाउनुपर्ने संवैधानिक ब्यवस्थाको कार्यान्वयन नहुंदा प्रदेश लोक सेवा आयोग गठन गर्ने प्रक्रिया अगाडि बढाउन बाधा परेकोले शिघ्र सो कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

६. प्रदेश सरकारले प्रदेश नं. ३ मा ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक श्रोतको उत्खनन र बिक्रीवितरण सम्बन्धी कानून एवं प्रक्रिया र मापदण्ड निर्धारण गर्दा र सो अनुसार स्थानीय

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

डा. डोरमणि पौडेल
मुख्यमन्त्री

तहले कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहले नदीको प्राकृतिक वहाव र सौन्दर्य तथा वातावरणीय संरक्षणको पक्षप्रति बढी संवेदनशील हुने व्यवस्था मिलाउने र तदअनुरुप अनुगमन गर्ने । साथै स्थानीय तहले यस्ता प्राकृतिक श्रोतको उत्खनन र विक्रीवितरणमा प्रचलित कानून बमोजिम उठ्नुपर्ने राजस्व चुहावट हुन नदिन विशेष सतर्क हुने ।

७. जिल्ला समन्वय समितिमा ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन एवं विक्री वितरणबाट प्राप्त राजस्व लगायत अन्य क्षेत्रबाट प्राप्त भई सञ्चित रहेको रकम प्रदेश सरकारसंग समेत समन्वय गरी वैज्ञानिक मापदण्डको आधारमा बांडफांड गर्नका लागि नेपाल सरकार समक्ष अनुरोध र पहल गर्ने ।

८. प्रदेश र स्थानीय तहका पदाधिकारीले सेवा प्रवाह एवं विकास निर्माणका कार्यहरु सञ्चालन गर्दा गराउंदा आफू, आफ्नो परिवार वा निकटका व्यक्तिहरुको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निजी स्वार्थ सिद्धि हुने खालका कामहरु नगर्ने नगराउने र यस सम्बन्धमा प्रदेश सरकारले स्पष्ट नीति मापदण्ड तयार गर्ने ।

९. न्यायिक समितिलाई सुसञ्चालन गर्न र स्थानीय स्तरमा कार्यरत रहेका सुरक्षा निकायहरुलाई सबल र साधनश्रोतयुक्त बनाउन एवं स्थानीय स्तरको सुरक्षा अभिबृद्धिका लागि सि.सि.टि.भी. लगायतका आधुनिक प्रविधिको प्रयोग बढाउन प्रदेश र स्थानीय तहले लगानी एवं सहकार्य गर्ने ।

१०. यस परिषदको बैठक सम्बन्धी कार्यविधिको मस्यौदा प्रदेश सरकारले तयार गरी स्वीकृतीका लागी आगामी बैठकमा पेश गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

मा. डोरमणि पौडेल
मुख्यमन्त्री